नेपालको पहिलो बैंक

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

# नेपाल बैंक लिमिटेड
# NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४

प्रधान कार्यालय

धर्मपथ, काठमाडौं ।

## प्रेस विज्ञप्ति

## सञ्चालक समितिका अध्यक्षको नियुक्ति तथा शपथ ग्रहण

नेपाल सरकार, अर्थ मन्त्रालयको तर्फबाट सञ्चालक पदमा नियुक्त भई आउनुभएका श्री सुमनराज अर्यालज्यू यस बैंकको सञ्चालक समितिको मिति २०७८/०५/१० गते बिहान बसेको बैठकबाट सर्वसम्मत रुपमा सञ्चालक समितिको अध्यक्ष पदमा चयन हुनुभएको छ। सञ्चालक समितिका नव नियुक्त अध्यक्ष श्री सुमनराज अर्यालज्यूले नेपाल राष्ट्र बैंकका गर्भनर श्री महाप्रसाद अधिकारीज्यूबाट आजैका मितिमा पद तथा गोपनियताको शपथ ग्रहण गर्नुभयो ।

शपथ ग्रहण कार्यक्रममा बोल्नुहुँदै नेपाल राष्ट्र बैंकका गर्भनर श्री महाप्रसाद अधिकारीज्यूले नव नियुक्त अध्यक्षलाई बधाई तथा शुभकामना दिनुहुँदै उहाँको आगमनले बैंकको सञ्चालक समितिले थप उचाई लिने र एउटा सफल प्रतिस्पर्धी बैंकको रुपमा आफूलाई उभ्याउन सफल हुने विश्वास व्यक्त गर्नुभयो । साथै, नेपाल सरकारले देशमा उद्यमशीलताको विकास र रोजगारी सिर्जनाका लागि तर्जुमा गरेका नीति तथा कार्यक्रमको कार्यान्वयनमा समेत नेपाल बैंकको विशेष योगदान रहने विश्वास व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा आफ्ना भनाई राख्नुहुँदै नव नियुक्त अध्यक्ष श्री सुमनराज अर्यालज्यूले नेपालको पहिलो बैंकको सञ्चालक समितिको अध्यक्षको जिम्मेवारी निर्वाह गर्ने अवसर प्राप्त भएकोमा प्रसन्नता व्यक्त गर्नुभयो । शपथ ग्रहण कार्यक्रमका लागि नेपाल राष्ट्र बैंकलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुहुँदै उहाँले आफ्नो कार्यकालमा बैंकको श्रीवृद्धि तथा व्यवसायिक विकासमा आफूले सक्दो योगदान गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

शपथ ग्रहण कार्यक्रममा नेपाल राष्ट्र बैंकका डेपुटी गर्भनरद्वय श्री निलम शर्मा ढुंगाना र श्री बम बहादुर मिश्र, बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक श्री देवकुमार ढकाल लगायत नेपाल राष्ट्र बैंकका उच्च पदस्थ अधिकारीहरुको उपस्थिति रहेको थियो ।

नेपाल बैंक लिमिटेड, सञ्चालक समितिका सदस्यहरु श्री दीपेन्द्र विक्रम थापा, श्री सुमन दाहाल, डा.सावित्री रञ्जित श्रेष्ठ, श्री विवेक शम्शेर ज.ब.रा., श्री विष्णु कुमार अग्रवाल र श्री ओम कृष्ण श्रेष्ठको उपस्थिति रहेको उक्त कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री कृष्णबहादुर अधिकारीले बैंकको पछिल्लो वित्तीय अवस्थाको संक्षिप्त जानकारी गराउनु भएको थियो । साथै, उक्त कार्यक्रममा बैंकका का.मु.नायब प्रमुख कार्यकारी अधिकृत श्री समता पन्तको समेतको उपस्थिति रहेको थियो ।

काठमाडौं, २०७८ भाद्र १० गते, बिहीबार ।

नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, काठमाडौं

प्रकाशकुमार अधिकारी
प्रवक्ता

फोन नं.: ०१४२२९८८८, ४२४७९९९ | टोल फ्री नं.: १६६००१३७३७३ | फयाक्स: ९७७-०१-४२२०४१४
ईमेल: info@nepalbank.com.np | वेबसाइट: www.nepalbank.com.np

